नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

अनामनगर, काठमाण्डौ

# नेपाल सरकारको आय र व्ययको वार्षिक विवरण
## आर्थिक वर्ष २०७७/०७८



## मुल आर्थिक विवरण

## भाग- १

## पौष, २०७८

# भूमिका

सार्वजनिक वित्त व्यवस्थापनका विविध पक्षहरु मध्ये प्रतिवेदन प्रणाली एक महत्वपूर्ण पक्ष हो । यसले सार्वजनिक वित्त व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, उत्तरदायी, नतिजामूलक तथा लागतप्रभावी बनाई आर्थिक कारोबारलाई व्यवस्थित र विश्वसनिय बनाउदै वित्तीय अनुशासन कायम गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यसका लागि आवश्यक पर्ने कोष व्यवस्थापन, खर्च व्यवस्थापन, लेखापालन, आन्तरिक नियन्त्रण तथा वित्तीय प्रतिवेदन जस्ता पक्षहरुमा महालेखा नियन्त्रक कार्यालयले नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ । नेपाल सरकारको सञ्चित कोष सञ्चालन गर्ने, बजेट कार्यान्वयनमा सहजीकरण गर्ने, सरकारी निकायहरुले गरेको खर्च र संकलित राजस्व रकमको अनुगमन गर्ने, सरकारले प्राप्त गर्ने ऋण तथा सहायता रकमको हिसाव राख्ने, सरकारको आय, व्यय, ऋण तथा लगानीको हिसाव राखी केन्द्रीय वार्षिक विवरण तयार गर्ने तथा तीन वटै तहको सरकारको एकीकृत वित्तीय विवरण तयार गरी अर्थ मन्त्रालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्ने मुख्य जिम्मेवारी यस कार्यालयको रहेको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार प्रत्येक आर्थिक वर्षको संघीय सञ्चित कोषको अतिरिक्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र विनियोजन, राजस्व, धरौटी तथा अन्य कोषहरु सहितको केन्द्रीय लेखाको एकीकृत विवरणका साथै तीन वटै तहको सरकारको सञ्चित कोष तथा अन्य सरकारी कोषको वित्तीय विवरणको आधारमा एकीकृत वित्तीय विवरण तयार गरी अर्थ मन्त्रालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्ने कानूनी दायित्व यस कार्यालयको रहेको छ । कानूनले निर्दिष्ट गरेको जिम्मेवारी अनुसार यस कार्यालयले हरेक वर्ष केन्द्रीय लेखाको एकीकृत विवरण तथा तीनै तहको सरकारको एकीकृत वित्तीय विवरण तयार गरी तत् तत् निकायमा पेश गर्दै आएको छ । यसै अनुरुप आर्थिक वर्ष २०७७/७८ को तीन तहका सरकारको हिसाव भिडान गरी प्राप्त विवरणको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

यो प्रतिवेदनलाई सरल वनाउन वार्षिक आर्थिक विवरणलाई संघीय संरचना तथा कारोवारको प्रकृति अनुसार विभिन्न भागहरुमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ । मूलतः यस प्रतिवेदनको शुरुवातमा समग्र सरकारको आय व्ययको वार्षिक विवरण प्रस्तुत गरीएको छ । आर्थिक विवरणलाई कारोवारको प्रकृत्ति अनुरुप संघीय सञ्चितकोषको वार्षिक आर्थिक विवरण, विनियोजन विवरण, राजस्व विवरण, धरौटी दायित्वको विवरण, कार्य सञ्चालन कोष तथा अन्य खाताहरुको विवरण, वैदेशिक सहायता सोधभर्नाको विवरण, ऋण दायित्व सम्वन्धी विवरण, ऋण तथा शेयर लगानी सम्वन्धी विवरण तथा सम्पत्तिको एकीकृत विवरण जस्ता विभिन्न भागहरुमा वर्गीकरण गरिएको छ भने प्रदेश तथा स्थानीय तहहरुको आर्थिक विवरणलाई छुट्टाछुट्टै प्रस्तुत गरिएको छ । समग्रमा यस प्रतिवेदनले समग्र सरकारको वार्षिक आर्थिक विवरणलाई चित्रण गर्दछ।

आर्थिक विवरण तयारीका क्रममा सम्बन्धित केन्द्रीय निकाय, कोष तथा लेखा नियन्त्रक कार्यालय, सरकारी कारोबार गर्न तोकिएका बैंकहरु, नेपाल राष्ट्र बैंक, प्रदेश तथा स्थानीय तहहरुबाट प्राप्त

विवरणहरुलाई मूल आधारको रुपमा लिईएको छ । लेखांकन तथा प्रतिवेदनका लागि महालेखा परीक्षकबाट स्वीकृत ढाँचाको प्रयोग गरिएको र सो अनुरुप लेखांकन तथा प्रतिवेदनका लागि संचालनमा रहेको एकल कोष खाता प्रणाली (TSA) र वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS) मा आधारित भई विवरण तयार गरिएको छ । स्थानीय तहको आर्थिक विवरण सम्बन्धमा सुत्र (Sub National Treasury Regulatory Application-SuTRA) प्रणाली प्रयोग गरी स्थानीय तहको वित्तीय विवरण तयार गरिएको छ । यो आर्थिक विवरण तयारीका लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा आर्थिक कार्यविधि नियमावलीमा भएका व्यवस्था, माननीय महालेखा परीक्षकज्यूबाट समय समयमा प्राप्त भएका निर्देशन समेतलाई मार्गदर्शनका रुपमा लिई तयार गरिएको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ दफा ५ बमोजिम प्रदेश र स्थानीय तहको आय र व्यय लगायतको विवरण समावेश गरिएको छ । प्रदेशको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणको आधारमा तयार गरिएको छ ।

आर्थिक विवरणलाई वास्तविक, भरपर्दो र विश्वसनीय बनाउन अधिकतम प्रयत्न गरिएको छ । प्रतिवेदनमा केही त्रुटिहरु देखिन आएमा प्राप्त हुन आउने राय, सुझाव, प्रतिक्रिया एवं पृष्ठपोषण सदैव स्वागतयोग्य हुनेछन् । साथै, प्रतिवेदनमा उल्लिखित आर्थिक विवरण उपर हुने लेखापरीक्षण बाट प्राप्त हुने सुझावहरु समेत आगामी दिनको प्रतिवेदन तयारीका लागी मार्गदर्शनको रुपमा रहने मैले विश्वास लिएको छु ।

यो आर्थिक विवरणले नेपाल सरकारको सञ्चित कोष तथा अन्य कोषहरुको अवस्थाको सहि चित्रण गर्नेछ भन्ने विश्वास गरिएको छ । यो प्रतिवेदन नेपाल सरकारको वित्तीय प्रणालीको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा जानकारीको चाहाना राख्ने सबैका लागि सहज पहुँच होस् भन्ने अभिप्रायले कार्यालयको वेबसाईट www.fcgo.gov.np मा राखिनेछ । साथै नेपाल राष्ट्रिय पुस्तकालय एवं सम्बन्धित सरकारी निकायहरुमा समेत उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गर्दछु ।

प्रतिवेदन तयार गर्न सदैव खटिइरहने सम्पूर्ण कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

सुमनराज अर्याल

महालेखा नियन्त्रक